# आरुघाट गाउँपालिकाको बेरोजगारलाई रोजगार ,रोजगारलाई स्वरोजगार कार्यक्रम संचालन कार्यविधि – २०७७

**भाग -२** **खण्ड:३** **संख्या:४**

**पारित भएको**
**मिति:२०७८/०१/०६**
**प्रकाशन मिति:२०७८/०१/०९**

प्रस्तावना :

देशमा उत्पादनशील युवाहरु वैदेशिक श्रम बजार तर्फ पलायन भइरहेको सन्दर्भमा आरुघाट गाउँपालिका क्षेत्रको युवाहरुमा भएका ज्ञान, सीप क्षमताका सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एव रोजगारी अभिवृद्धि गर्नका साथै विदेशबाट फर्केका युवाहरुले आर्जन गरेका सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाइ आत्मनिर्भर एव स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताका विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायहरुलाई राज्यको मुलधारमा सामवेश गर्न समयसापेक्ष आधुनिकीकरण तथा प्रवर्द्धन गर्दै उत्पादनका माध्यमबाट समृद्ध आरुघाट निर्माणका लागि स्वरोजगार कार्यक्रमलाइ प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी आरुघाट गाउँपालिकाले बेरोजगारलाई रोजगार, रोजगारलाई स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७ पारित गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(क) यस कार्यविधिका नाम "आरुघाट गाउँपालिकाको बेरोजगारलाई रोजगार, रोजगरलाई स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७" हुनेछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**

(क) "बेरोजगार व्यक्ति वा समूह" भन्नाले आरुघाट गाउँपालिका क्षेत्रका आय आर्जन हुने कुनै पनि पेशा, व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नभएका व्यक्तिलाइ सम्झनु पर्दछ ।

ख) "लक्षित कार्यक्रम" भन्नालले लक्षित व्यक्ति वा समुहको रोजगारी सिर्जना गरी आयआर्जन अभिवृद्धि गर्न सघाउ पुर्याउन व्यवसायिक कृषि, पशुपालन,घरेलु तथा साना उद्योग व्यवसाय संचालनको लागि गरिने कार्यक्रम सम्झनु पर्दछ ।

ग) "लक्षित उमेर समुह " भन्नाले लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ४५ बर्ष सम्मका आरुघाट गाउँपालिकाको स्थायी बसोबास गर्ने नेपाली नागरिकलाइ सम्झनु पर्दछ।

घ) "उद्यम" भन्नाले प्रचलित कानूनले निषेध गरे बाहेकका नाफा कमाउन तथा रोजगारी सिर्जना हुन नियमित आर्थिक क्रियाकलापलाई सम्झनु पर्दछ ।

ङ) "समूह" भन्नाले कृषि, पशु, तथा कुटिर उद्योग संचालनका लागि प्रचलित कानून बमोजिम दर्ता भई अविछिन्न काम गर्दै आएका समूहलाइ सम्झनु पर्दछ ।

(च) "सिफारिस समिति" भन्नाले दफा ८ वमोजिजमका समितिलाई सम्झनु पर्दछ ।

(छ) "छनौट समिति" भन्नाल दफा ९ वमोजिमका समितिलाई सम्झनु पर्दछ ।

(ज) "व्यवसाय वा उद्यम" भन्नाले यस कार्यविधिका अनुसूची ४ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्दछ ।

३. **उद्देश्य : यस कार्यविधिका उद्देश्य देहाय बमोजिम हुनेछ,-**

क) लक्षित व्यक्ति वा युवाहरुलाई व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्राबिधिक तथा आर्थिक सहयोग गर्ने |

ख) लक्षित व्यक्ति वा समूहका लागि स्वदेशमा रोजगारीका अवसरहरु सिर्जना गन सहयोग पुर्याउने ।

ग) कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आधारित घरेलु उद्योगको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

घ) लक्षित व्यक्ति वा समूहको आय आर्जनमा टेवा पुर्याई परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

**परिच्छेद-२**

प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया

४ . अनुसूची-४ यस कार्यक्रमको छनौट प्रक्रिया संचालन गर्नको लागि देहाय बमोजिमको प्रक्रियाहरु संचालन हुनेछन

(क) कृषि विकास शाखाले प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्ने छ ।

(ख) प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति वा समुहले (दर्ता भएको फर्म ) वडाका सिफारिस साथ अन्य आवश्यक कागजात संलग्न राखी प्रस्ताव पेश गर्नु पर्नेछ ।

(ग) तोकिएको म्याद भित्र पेश भएका प्रस्ताव उपर सिफारिस समितिले अध्ययन गरी योग्य र उपयुक्त प्रस्तावलाइ छनौट समितिमा पेश गर्नु पर्नेछ । सिफारिस गर्दा देहायका आधारमा मूल्यांकन गरेर सिफारिस गन पर्नेछ,-

| | |
|---|---|
| अ. कृषि तथा पशुपालनसंग सम्बन्धित व्यवसाय | १० अंक |
| आ. योजनाको प्रभावकारिता | १० अंक |
| इ. थप रोजगारीको सिर्जना हुने | १० अंक |
| ई. लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने | १० अंक |
| उ. पूर्व अनुभव तथा विशेष सिप भएका | १० अंक |
| ऊ. कुल अंक | ५० अंक |

(ङ) सिफारिस समितिबाट सिफारिस भई आएका प्रस्तावहरु उपर छनौट समितिले अध्ययन गरी योग्य प्रस्तावलाई अनुदानको लागि अन्तिम निर्णय गर्नेछ ।

(च) छनौट समितिले गरेका निर्णय कार्यान्वयन गर्न प्रमुख जिम्मेवारी कृषि विकास तथा पशु सेवा शाखाको हुनेछ र यस शाखाले छनौट समितिबाट अनुदानको लागि योग्य कृषक तथा फर्मलाई व्यवसायका प्रकृति अनुसार गाउँपालिका बाट अनुदान लिने प्रकृया अगाडी बढाउने छ ।

**परिच्छेद ३**

अनुदानको सीमा

छनौट भएका कृषक तथा फर्महरुलाई न्युनतम रु ५० हजारका दरले अनुदान प्रदान गरिने छ ।

**परिच्छेद ४**

अनुदानको लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था

**५ . योग्यता तथा शर्त :**

२ ) यस कार्यविधिका अनुसूची ४ बमोजिमका क्षेत्रमा अनुदान प्राप्त गर्न स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको,

१ ) आरुघाट गाउँपालिकाको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यलयबाट व्यवसाय दर्ता प्रमाण पत्र प्राप्त गरेको,

३) आरुघाट गाउँपालिकाको साथै अन्य कुनै पनि निकायबाट सम्बन्धित व्यक्ति वा उसको परिवारले पछिल्लो १ बर्षमा अनुदान प्राप्त नगरेको,

४) बेरोजगार, विदेश बाट कृषि तथा पशुपालन को क्षेत्रमा बिशेष ज्ञान ,सिप र दक्षता हासिल गरेको, अन्य कुनै पेशामा संलग्न नभएको,

५) परिवार मा कुनै पनि सदस्य नेपाल सरकारको कुनै पनि सरकारी सेवामा संलग्न नभएको ।

**परिच्छेद ५**

सिफारिस समिति र छनौट समितिको गठन तथा काम कर्तव्य र अधिकार

८. सिफारिस समितिको गठन :

(१) सिफारिस समितिका देहाय वमोजिम हुनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) रोजगार संयोजक सदस्य

(ग) सम्बन्धित वडा को वडा अध्यक्ष/सचिब : सदस्य

(घ) पशु/कृषि शाखा प्रमुख, सदस्य

(ङ) पशु/कृषि शाखा प्रमुख, सदस्य सचिव (सम्बन्धित शाखा अनुसार )

(२ )आवश्यकता अनुसार अन्य शाखा प्रमुख वा सम्बन्धित वडा सचिव वा विज्ञलाई बैठकमा अमन्त्रित सदस्यका रुपमा बोलाउन सकिने छ ।

(३) सिफारिस समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ,-

क. कृषि विकास तथा पशुसेवा शाखाले तयार गरेको रितपूर्वक पेश भएका प्रस्तावहरु उपर दफा ५ घ

बमोजिम मूल्यांकन गर्न र उपयुक्त ठहरिएका प्रस्तावहरुका सूचि तयार गर्ने ।

ख. उपयुक्त प्रस्तावहरुलाइ अनुदान लगानी गर्न छनौट समितिमा सिफारिस गर्नको लागि निर्णय गर्ने ।

ग. अनुदान पाएका फर्म हरुको नियमित अनुगमन गर्ने ।

घ. स्वरोजगार कायक्रम संचालन प्रभावकारी बनाउन छनौट समितिलाइ नीतिगत पृष्ठपोषण गर्ने ।

ङ. छनौट समिति र कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउन ।

छ. अन्य तोकिएको कामहरु गर्न ।

**९. छनौट समितिका गठन ःः**

**(१) छनौट समिति देहाय अनुसार गठन हुनेछ,-**

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. उपाध्यक्ष | सदस्य |
| ग. गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिकाको सदस्यहरुबाट कम्तिमा १ जना महिला सदस्य सहित २ जना | सदस्य |
| घ.आर्थिक विकास समिति संयोजक | सदस्य |
| ङ.कृषि बिकाश शाखा प्रमुख | सदस्य |
| च.पशु सेवा शाखा प्रमुख | सदस्य |
| छ.प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**स्पष्टीकरण : समितिले आवश्यक ठानेमा सम्बन्धित क्षेत्रका विज्ञलाइ बैठकमा आमन्त्रित सदस्यका रुपमा बोलाउन बाधा पर्ने छैन ।**

(२) यस छनौट समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

क. सिफारिस समितिले पेश गरेका प्रस्तावहरु दफा ५ घ बमोजिम मूल्यांकन भए नभएका
यकिन गर्न र उपयुक्त लागेका प्रस्तावहरुका सूची तयार गर्न ।

ख. सूची बमोजिम उपयुक्त प्रस्तावहरुलाई अनुदान दिन कोषमा पर्याप्त रकम भए नभएका
सुनिश्चित गर्ने ।

ग. अनुदान दिन योग्य प्रस्तावका सम्बन्धमा निर्णय गरी कार्यान्वयनका लागि सम्बन्धित
शाखालाइ निर्देशन गर्न ।

घ. अनुदान पाएका फर्महरुको नियमित सुपरिवेक्षण गर्ने ।

ङ. स्वरोजगार कार्यक्रमका लागि आवश्यक कोष बढाउन बाह्य निकायहरु वीच समन्वय र सहकार्यका
निम्ति गाउँकार्यपालिकालाई नीतिगत समस्या समाधान गर्न अनुरोध गर्ने ।

छ. गाउँ कार्यपालिकाका निर्देशनहरु कार्यान्वयनमा ल्याउन ।

ज. कोषबाट सम्पादन हुने वार्षिक प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्ने |

झ. अन्य तोकिएको काम गर्न ।

**परिच्छेद ६**

विविध

१. सहयोग गर्नुपर्नेः यस कार्यविधि बमोजिम संचालित कार्यक्रममा आवश्यक सहयोग गर्न सम्बन्धित सबैका कर्तव्य हुनेछ ।

२ . कार्यविधिको पालना : यस कार्यविधिका कार्यान्वयनका सन्दर्भमा गाउँपालिका र गाउँकार्यपालिकाको निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

३ .कार्यविधिको संशोधन गन सकिने : गाउँकार्यपालिकाले आवश्यकता अनुसारयो कार्यविधि संशोधन गर्न सक्नेछ ।

४ . बाधा अडकाउ फुकाउन : यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँकार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

# अनुसूची १

**प्रस्ताव पेशका लागि दिईने निवेदनका ढाचा**

श्री संयोजकज्यू, सिफारिस समिति,
बेरोजगारलाई रोजगार/रोजगारलाई स्वरोजगार कार्यक्रम
आरुघाट गाउँपालिका गाउँकार्यपालिका कार्यालय, आरुघाट गोरखा ।

विषय : बेरोजगारलाई रोजगार/रोजगारलाई स्वरोजगार कार्यक्रम लागि व्यवसाय संचालन गर्न प्रस्ताव पेश गरेको बारे ।

महोदय,

प्रस्तुत विषयमा म....................................को छोरा ....................................ले आरुघाट गाउँपालिका वडा नं.............स्थित ........................................फर्म मार्फत ................................ (ब्यवसायका नामको) संचालन गरी स्वरोजगार बन्नका निम्ति आरुघाट गाउँपालिकाको बेरोजगारलाई रोजगार ,रोजगारलाई स्वोरोजगार कार्यक्रम संचालन कार्यबिधि २०७७" का शर्तहरु पालना गर्न तयार भइ तपसिलका विवरण सहितका कागजात संलग्न गरी निवेदनपेश गरेको छु ।

निवेदकको
नाम थर :
दस्तखत :
कागजात :

संलग्न कागजात :

क. नेपाली नागरिकताका पमाणित प्रतिलिपि

ख. सम्बन्धित वडा कार्यालयबाट बेराजगारी हो भनी अनुदानको लागि गरिएको सिफारिस

ग. फर्म दर्ता को प्रमाणपत्रको प्रतिलिपि

घ. संचालन गरिने व्यवसायको प्रस्ताव (अनुसची ३ बमोजिम)

ङ. व्यवसाय सम्बन्धी सीप ,तालिम तथा अनुभव को विवरण

अनुसची २

व्यवसायको प्रस्ताव

## व्यवसायी फर्म संचालनको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना

## व्यवसायी फार्म परियोजना प्रस्ताव

**१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल अनुदान रकम (नेरु): | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२) प्रस्तावनाको औचित्य तथा महत्व**

तालिका : ..........................................को हालको व्यवसायको अवस्था

| क्र.सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| **जम्मा** | | | | | |

**३. अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण**

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन् :

- **व्यवसायको आकार**
- **बार्षिक उत्पादन**
- **बार्षिक जम्मा आम्दानी**
- **रोजगारी सिर्जना**

**४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

**५) फर्मले साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-**

**६) खर्च विवरण**

**क स्थिर खर्चको विवरण**

कृषि यन्त्र उपकरणहरु गोठ, भवन, तारवार, पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु खरिद पूर्व सञ्चालन खर्च आदि ।

| क्र.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख चालु खर्चको विवरण (एक बर्षको मात्र)**

कामदार, मल विउ, दाना, घांस व्यवस्थापन, रोगकिरा व्यवस्थापन आदि ।

| क्र.सं. | कियाकलापहरुको विवरण | ईकाई | परिमाण | दर | जम्मा खर्च (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**७. लागत साझेदारी**

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र.सं. | विवरण | जम्मा खर्च (रु.) | परियोजना को पहिलो बर्षको (रु.) | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

कृषकको नाम थर :

ठेगाना :

हस्ताक्षर:

सम्पर्क नं.:

**अनुसूची ३**

**(परिच्छेद ३ र परिच्छेद ५ का ७(१) सँग सम्बन्धित)**

**अनुदानका क्षेत्रहरु**

(क) व्यवसायिक कृषि तथा पशुपन्छी अनुदानका क्षेत्रहरु :-

- तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,
- विउ विजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- बनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी,
- पशुपन्छीपालन, अष्ट्रिच, टर्की, हांस कुखुरा,बंगुर ,गाई भैसी ,बाख्रा तथा अन्य पालन र सोका मासु भण्डारण, प्रसोधन तथा बिक्री विवरण,
- फलफुल उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- मत्स्यपालन, भण्डारण तथा विक्री वितरण,
- च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- पशु बधस्थल÷बधशाला, मासुजन्य उत्पादन, सो को प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- दुग्ध उत्पादन, प्रसोधन तथा बिक्री वितरण,
- जडिबुटी तथा गैरकाष्ठ बनपैदावर उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- उखु, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, लोक्ता, अल्लो, खेती तथा यिनीहरुका उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- पुष्प व्यवसाय,
- मौरी पालन व्यवसाय
- जौ, फापर, सिलाम उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
- प्राङगारीक तथा जैविक मल उत्पादन तथा बिक्री वितरण,
- कपास, उन, रेसम खेती उत्पादन, प्रशोधन तथा बिक्री वितरण,
- नेपाल सरकार, प्रदेश सरकार र आरुघाट गाउँपालिकाले समय समयमा थप गरेका अन्य ब्यवसायिक कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु, उपकरण

ख)साना तथा कुटिर उद्योग

ग.ब्यापार व्यवसाय

आज्ञाले
एकदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत